23RD OF NOV 2024

आकाशवाणी हो

समाचार अनुशीला शर्माबाट सुन्नुहोस

शुरु गरौं आजका मुख्य समाचारहरुबाट

- महाराष्ट्रमा भाजपा नेतृत्वको महायुति गठबन्धनको सत्ता सुनिश्चित, झारखण्डमा झारखण्ड मुक्ति मोर्चा नेतृत्वको इन्डिया गठबन्धन अघि
- 2 लोकसभा अनि 13 राज्यका विधानसभाका उपचुनावको मतगणना जारी
- प्रधानमन्त्रीले भोलि बिहान 11 बजे 'मन की बात' कार्यक्रम अन्तर्गत देश तथा विदेशका जनतासँग आफ्ना विचार राख्नुहुने
- केन्द्रीय राज्यमन्त्री प्रोफेसर एस.पी. सिंह बघेलद्वारा सिक्किमका राज्यपालसँग भेट
- अन्तर्राष्ट्रिय flim festival को आज तेस्रो दिन भव्यताका साथ सम्पन्न

महाराष्ट्रमा भारतीय जनता पार्टी नेतृत्वको महायुति गठबन्धनको सत्ता सुनिश्चित, झारखण्डमा झारखण्ड मुक्ति मोर्चा नेतृत्वको इन्डिया गठबन्धन अघि

महाराष्ट्रको 2 सय अठास्सी सदस्यीय विधानसभा निर्वाचनका हालसम्म प्राप्त नतिजाहरूअनुसार भारतीय जनता पार्टीले सढ-सठ्ठी सिट जितिसकेको छ र 66 सिटमा अग्रता कायम गरेको छ। शिवसेना-SHS ले 33 सिट जितेर 24 सिटमा अग्रता बनाएको छ। राष्ट्रवादी कांग्रेस पार्टीले 28 सिट जितिसकेको छ र 13 सिटमा अगाडि रहेको छ। शिवसेना (उद्धव बालासाहेब ठाकरे) ले 13 सिट जितेर 7 सिटमा अग्रता लिएको छ। कांग्रेस 6 सिट जितेर 9 सिटमा अगाडि रहेको छ। राष्ट्रवादी कांग्रेस पार्टी (शरद पवार) ले 6 सिट जितेर 4 सिटमा अग्रता कायम राखेको छ। समाजवादी पार्टीले 2 सिट जितेको छ।

महाराष्ट्रमा विजयी प्रमुख उम्मेदवारहरूमा मुख्यमंत्री तथा शिवसेना प्रमुख एकनाथ शिन्दे, भाजपा नेता राहुल नार्वेकर, नितेश नारायण राणे, मनीष चौधरी, अतुल भट्टखालकर, शिवसेनाका उदय सामन्त, राजेश विनायक क्षीरसागर, र राजेन्द्र गावित रहेका छन्। शिवसेना (उद्धव बालासाहेब ठाकरे) का आदित्य ठाकरे पनि विजयी भएका छन्।

झारखण्डमा झारखण्ड मुक्ति मोर्चाले 20 सिट जितेर 14 सिटमा अग्रता लिएको छ। भारतीय जनता पार्टी 10 सिट जितेर 11 सिटमा अगाडि रहेको छ। कांग्रेसले 9 सिट जितेर 7 सिटमा अग्रता कायम गरेको छ। राष्ट्रिय जनता दल 1 सिट जितेर 3 सिटमा अगाडि रहेको छ। कम्युनिस्ट पार्टी - मार्क्सवादी लेनिनवादीले 2 सिट जितेको छ। झारखण्ड लोकतान्त्रिक क्रान्तिकारी मोर्चा र लोक जनशक्ति पार्टीले समान 1-1 सिट जितेका छन्। ऑल झारखण्ड स्टुडेन्ट युनियन र जनता दल युनाइटेडका उम्मेदवार समान 1-1 सिटमा अग्रता कायम गरिरहेका छन्।

झारखण्डमा झारखण्ड मुक्ति मोर्चाका प्रमुख विजयी उम्मेदवारहरूमा हेमन्त सोरेन, धनञ्जय सोरेन, हेमलाल मुर्मु, स्टिफन मराण्डी, आलोक कुमार सोरेन, बसन्त सोरेन, र लोइस मराण्डी रहेका छन्। भारतीय जनता पार्टीका विजयी उम्मेदवारहरूमा देवेन्द्र कुंवर, मनोज कुमार यादव, कुमार उज्ज्वल, राज सिन्हा, रागनी सिंह, शत्रुघ्न महतो, र प्रकाश राम रहेका छन्।

महाराष्ट्रमा 20 नोभेम्बरमा एकै चरणमा मतदान भएको थियो। झारखण्ड विधानसभा चुनावका लागि 81 सिटमा दुई चरणमा मतदान सम्पन्न भएको थियो। पहिलो चरणमा 13 नोभेम्बरमा 43 सिटका लागि मतदान भएको थियो भने बाँकी 38 सिटका लागि 20 नोभेम्बरमा मतदान सम्पन्न भएको थियो।

2 लोकसभा अनि 13 राज्यका विधानसभाका उपचुनावको मतगणना जारी छ।

वायनाड (केरल)मा कांग्रेस नेता श्रीमती प्रियंका गान्धी वाड्राले 4 लाखभन्दा बढी मतले विजय गर्नुभएको छ। नांदेड़ (महाराष्ट्र)मा भाजपाका नेता छ्यालिस  हजारभन्दा बढी मतले अगाडि हुनुहुन्छ। बिहारको तरारी र रामगढमा भाजपाका श्री विशाल प्रशान्त  10 हजार भन्दा अधिक मतले विजयी हुनुभएको छ।

पञ्जाबको 3 सिटमा आम आदमी पार्टी विजयी बनेको छ भने  कांग्रेस 1 सिटमा  विजयी बनेको छ।

कर्नाटकमा कांग्रेसक पार्टीले  3 सिटमा  जित हासिल गरेको छ।

मेघालयको एकमात्र सीटमा  सत्तारुढ एनपीपी विजयी भएको छ।

उत्तराखण्डमा भाजपाकी सुश्री आशा नौटियालले केदारनाथमा जित हासिल गर्नुभएको छ।

आसामको धोलाई विधानसभा सीटबाट भाजपाका श्री निहार रञ्जन दास विजयी हुनुभएको छ। सिडली सिटबाट युनाइटेड पिपुल्स पार्टी लिबरल विजयी भएका छ ।  बोंगाई गाउँ विधानसभा सीटबाट असमगढ परिषदकी सुश्री दीप्तीमाये चौधरी विजयी हुनुभएको छ भने बेहालीबाट भाजपाका श्री दिगन्त घाटोवाल विजयी हुनुभएको छ यसरी नै रामगुढी विधानसभा क्षेत्रबाट भाजपाका श्री दिप्लु रञ्जन शर्माले अग्रता लिनुभएको छ।

केरलमा एक  सिटमा कंग्रेस अनि एक सिटमा कम्युनिष्ट पार्टीले जित गरेको छ ।

उत्तर प्रदेशमा भाजपाका  3 उम्मेदवार विजयी भएका छन् भने 4 सिटमा भाजपा नै अघि छ।

मध्य प्रदेशको बुधनी सिटमा भाजपा अघि छ भने , विजयपुरमा कांग्रेसले  विजयी गरेको छ।

छत्तीसगढको एकमात्र उप-चुनावको सिट-रायपुर सिटी दक्षिणमा भाजपाले विजयी गरेको छ। गुजरातको एक मात्र उप-चुनावकको निर्वाचन क्षेत्र वावमा भाजपाका श्री ठाकारे स्वारूप-जी सरदारजी विजयी हुनुभएको छ।

पश्चिम बंगालमा 6 वटै सिटमा त्रिणामुलका उम्मेदवार विजयी भएका छन्।

राजस्थानको 7 सिट मध्येमा भाजपाले 5 सिटमा विजय हासिल गरेको छ भने, भारत आदिवासी पार्टीले एक सिटमा विजयी गरेको छ र कंग्रेस एक सिटमा अघि छ। यसैगरि सिक्किममा 2 सिट एसकेएम पार्टीबाट निर्विरोध निर्वाचित भै सकेका छन।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे 'मन की बात' कार्यक्रममा देश तथा विदेशका जनतासँग आफ्ना विचार राख्नुहुने

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे अल इण्डिया रेडियोमा हुने 'मन की बात' कार्यक्रममा देश तथा विदेशका जनतासँग आफ्ना विचार राख्नुहुने छ। यो मासिक रेडियो कार्यक्रमको 116 औं शृङ्खला हुनेछ । यो कार्यक्रम अल इन्डिया रेडियो र दूरदर्शनका सबै नेटवर्कहरू, अल इन्डिया रेडियो समाचार वेबसाइट र एयर मोबाइल एपमा प्रसारण गरिनेछ। यो अल इन्डिया रेडियो, D.D. न्यूज ,प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलबाट पनि प्रत्यक्ष प्रसारण हुनेछ । हिन्दीमा प्रशारण भएलगत्तै क्षेत्रीय भाषामा पनि कार्यक्रम प्रसारण हुनेछ ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

केन्द्रीय राज्यमन्त्री प्रोफेसर एस.पी. सिंह् बघेलद्वारा सिक्किमका राज्यपालसँग भेटघाट

मत्स्य, पशुपालन तथा डेरी मन्त्रालय र पंचायती राज मन्त्रालयका केन्द्रीय राज्यमन्त्री प्रोफेसर एस.पी. सिंह् बघेलले आज सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरसँग राजभवनमा शिष्टाचार भेट गर्नुभएको छ। भेटका क्रममा सिक्किमको विकासका विभिन्न विषयहरूमा विस्तृत छलफल भएको बताइएको छ। विशेषगरी, राज्यमा मत्स्य पालन प्रवर्द्धन गर्ने उपायहरू, मत्स्य पालनसम्बन्धी परियोजनाहरूको सुरुआत, डेरी उद्योगको प्रगतिसँग सम्बन्धित चुनौती र सम्भावना तथा आगामी योजनाहरूको कार्यान्वयनबारे गहन छलफल भएको राजभवनद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

अन्तर्राष्ट्रिय flim festival को आज  तेस्रो दिन  भव्यताका साथ सम्पन्न।

गोवाको राजधानी पानाजीमा आयोजीत भई रहेको 55औं अन्तर्राष्ट्रिय flim festival को आज तेस्रो दिन सम्पन्न भयो।  तेस्रो दिनको प्रतियोगिताको  विषय 'creative minds of Tommorow (CMOT)  रहेको थियो जो उत्साहका साथ सम्पन्न भएको छ। 5 टोलीमा विभाजित 100 सहभागीहरूलाई अढतालीस घण्टामा लघु फिल्म बनाउने जिम्मेवारी दिइएको थियो।  यस वर्षको CMOT प्रतियोगिताको विषय "प्रौद्योगिकीको युगमा सम्बन्ध" रहेको थियो।  महोत्सवमा सहभागीहरुले चलचित्र उद्योगका व्यवसायीहरुसँग भेटघाट गरेर समृद्ध अनुभव लिएका थिए। 23 नोभेम्बरबाट शुरु भएको यो उत्सव आउँदो 28 नभेम्बरमा समाप्त हुनेछ।